# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## खिजीदेम्बा गाउँपालिका
## ओखलढुंगा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फछ्र्यौटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**

२०७९ आषाढ

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

**अनामनगर, काठमाडौं, नेपाल**

Anamnagar, Kathmandu, Nepal


**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

(प्रदेश नं. १ )

पत्र संख्याः २०७८।७९
च.नं. ४१३

मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
खिजीदेम्बा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
ओखलढुंगा ।

**कैफियतसहितको राय**

हामीले खिजीदेम्बा गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सबै कारोबार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ ।

२. लेखापरीक्षणबाट रू. २ करोड ६६ लाख ३४ हजार बेरुजु देखिएको छ ।सोमध्ये प्राप्त प्रतिक्रियाबाट रू. ४० लाख १८ हजार फछ्र्यौट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. १२ लाख २३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड २३ लाख ४ हजार र नियमित गर्नुपर्ने रू. ९० लाख ८९ हजार रहेको छ ।पालिकाको गत वर्ष रु ३ करोड १७ लाख ८८ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको रु ५ करोड ४१ लाख ७१ हजार अद्यावधिक बेरुजु रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजुस्थिति यसैसाथ संलग्न छ ।

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

खिजीदेम्बा गाउँपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५० | ७७ | २६६३४ | ० | ४ | ४०१८ | ५० | ७३ | २२६१६ | १२२३ | ९०८९ | १२३०४ | ० | ० | २२६१६ | ० |

## अद्यावधिक बेरुजुस्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| खिजीदेम्बा गाउँपालिका, ओखलढुंगा | ३१७८८ | ० | २३३ | ३१५५५ | ० | २२६१६ | ५४१७१ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : खिजीदेम्वा गाउँपालिका, ओखलढुंगा , खिजीदेम्बा गाउँपालिका , ओखलढुङ्गा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Subas Paudel | २०७६-८-२७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Dipak Ghimire | २०७६-८-२४ | |
| | | बेरुजु रकम | २६,६३३,८९४ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ३५,०८,७२५ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३६,८६,८६,१४१ | चालु खर्च | ३२,८१,१६,०१८ |
| प्रदेश सरकारबाट अनुदान | १,९६,००,००० | पूँजीगत खर्च | २१,३९,१४,९७४ |
| राजश्व बाँडफाँट | ५,४६,३०,३४२.१८ | वित्तीय/अन्य व्यवस्था | ० |
| आन्तरिक आय | ५७,३४,८७७.९१ | | |
| अन्य आय | ९,२०,९४,४०२ | | |
| कुल आय | ५४,०७,४५,७६३.०९ | कुल खर्च | ५४,२०,३०,९९२ |
| बाँकी मौज्दात | | २२,२३,४९६.०९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>**स्थापन, उद्देश्य र कार्यक्षेत्रः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । यो गाउँपालिका कुल १७९.७७ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको र हाल ९ वटा वडाहरुमा बिभाजन गरिएको छ । गाउँपालिकाको वस्तुगत विवरण अनुसार कुल जनसंख्या १५ हजार १ सय ६ जना रहेको छ । | |
| २ | | | **वित्तिय प्रतिवेदन** | |

| वित्तीय प्रतिवेदन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५८५३२३८३५ | ५३०३९८९७२ | १०३४६७९१ | ५४०७४५७६३ | ३५१८७१७५४ | ११८५१३४२ | ३६३७२३०९६ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४९०८८२९१४ | ४३८३०४५७० | १०३४६७९१ | ४४८६५१३६१ | ३५१८७१७५४ | ११८५१३४२ | ३६३७२३०९६ |
| ११००० कर | ११ | ८८३५४००० | ५७३१५२२० | ० | ५७३१५२२० | ४३४१८५५४ | ० | ४३४१८५५४ |
| १३००० अनुदान | | ३९८८०३९१४ | ३७७९३९३५० | १०३४६७९१ | ३८८२८६१४१ | ३०४४३२५६९ | ११८५१३४२ | ३१६२८३९११ |
| संघीय सरकार | १२ | ३७९२०३९१४ | ३५८३३९३५० | १०३४६७९१ | ३६८६८६१४१ | २८००७५५६९ | ११८५१३४२ | २९१९२६९११ |
| प्रदेश सरकार | १२ | १९६००००० | १९६००००० | ० | १९६००००० | २४३५७००० | ० | २४३५७००० |
| १४००० अन्य राजस्व | | ३७२५००० | ३०५०००० | ० | ३०५०००० | ४०२०६३१ | ० | ४०२०६३१ |
| ख. अन्य प्राप्ति | | ९४४४०९२१ | ९२०९४४०२ | | ९२०९४४०२ | | | |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १०००००० | १०००००० | ० | १०००००० | ० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | विवरण | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | धरौटी | | ३७२९२१ | ३७२९२१ | ० | ३७२९२१ | ० | ० | ० | |
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ९३०६८००० | ९०७२१४८१ | ० | ९०७२१४८१ | ० | ० | ० | |
| | | | भुक्तानी (ग+घ) | | ६१८५८४८३५ | ५३१६८४२०१ | १०३४६७९१ | ५४२०३०९९२ | ३३६८४३६९६ | ६१९४९१८ | ३४३०३८६१४ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५२४१४३९१४ | ४३९७३४७२० | १०३४६७९१ | ४५००८१५११ | ३३६८४३६९६ | ६१९४९१८ | ३४३०३८६१४ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | १४१३५६३५० | १३३७१८४११ | ० | १३३७१८४११ | ११८४९८८५२ | ० | ११८४९८८५२ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ११६७८३५०० | ९०६११५४९ | ४७३८७२७ | ९५३५०२७६ | ७६५५१९२५ | ४२७८६४४ | ८०८३०५६९ | |
| | | | २४००० ब्याज सेवा शुल्क तथा बैंक कमिशन | १८ | ० | ० | ० | ० | ० | ३००००० | ३००००० | |
| | | | २५००० सहायता (Subsidy) | १८ | ७६५००० | ४५२००० | ० | ४५२००० | १९५४५५४ | ० | १९५४५५४ | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | ३६८३००० | ३६८२८५० | ० | ३६८२८५० | ५७८४९४९ | ० | ५७८४९४९ | |
| | | | २८००० अन्य खर्च | १८ | ३४५०००० | २८१३००० | १५०००० | २९६३००० | ३५५५४९७ | ० | ३५५५४९७ | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २५८१०६०६४ | २०८४५६९१० | ५४५८०६४ | २१३९१४९७४ | १३०४९७९१९ | १६१६२७४ | १३२११४१९३ | |
| | | | घ. अन्य भूक्तानी | | ९४४४०९२१ | ९१९४९४८१ | ० | ९१९४९४८१ | ३३६८४३६९६ | ६१९४९१८ | ३४३०३८६१४ | |
| | | | कोषहरु | | १०००००० | १०००००० | ० | १०००००० | ० | ० | ० | |
| | | | धरौटी | | ३७२९२१ | २२८००० | ० | २२८००० | ० | ० | ० | |
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ९३०६८००० | ९०७२१४८१ | ० | ९०७२१४८१ | ० | ० | ० | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | ० | | ० | | | | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | -३३२६१००० | -१२८५२२९ | | -१२८५२२९ | १५०२८०५८.४२ | ५६५६४२४ | २०६८४४८२.४२ | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३५०८७२५ | | ३५०८७२५ | २६४१३०९५.०९ | | २६४१३०९५.०९ | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | -३३२६१००० | २२२३४९६ | | २२२३४९६ | ४१४४११५४ | ५६५६४२४ | ४७०९७५७८ | |
| | | | बैंक तथा नगद बाकी | २४ | | २२२३४९६ | | २२२३४९६ | -७३८४०० | | -७३८४०० | |
| ३ | | | **वित्तिय विवरण** | | | | | | | | | |
| ३.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था गरेकोमा चालु खर्च खातमा रु ७,४०,२०२ र पुँजिगत खर्च खातामा रु २७५१७० वांकी रहेको देखिएकोमा आर्थिक वर्षको अन्त्यमा स्थानिय संचितकोषमा फिर्त गरेको देखिएन। | | | | | | | | | |
| ३.२ | | | सुत्रको प्रयोग: गाउँपालिकाहरुलाई Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्ने व्यवस्था गरेको छ। सोही प्रणाली मार्फत लेखा अभिलेख राखेमात्र प्रणालीवाट प्राप्त हुने प्राप्ती तथा भुक्तानी विवरणमा सम्पूर्ण प्राप्ती तथा भुक्तानी समावेश हुने गर्दछ। तर पालिकाको सुत्र प्रणालीमा अन्तर सरकारी अक्तियारी मार्फत प्राप्त भएको रकम प्रविष्टि नगरेका कारण सुत्र प्रणालीवाट प्राप्त हुने प्रतिवेदनले सम्पुर्ण प्राप्ति तथा भुक्तानी समेटेको देखिएन। | | | | | | | | | |
| ३.३ | | | गत वर्षको वित्तीय विवरणमा उल्लेख गरेको एम्वोलेन्स खाताको रकम रु ३३३४३८ मौज्दात देखाएकोमा यस वर्ष जिम्मेवारी सारी अध्यावधिक गर्नुपर्नेमा जिम्मेवारी सारेको नदेखिएकोले जिम्मेवारी सारी अध्यावधिक गर्नुपर्ने रु | | | | | | | | | ३३३,४३८ |
| ४ | | | **बजेट तथा कार्यक्रम** | | | | | | | | | |
| ४.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्दछ। तर पालिकाले गााउँपालिकाको विविध कार्यक्रम खर्च (कृषि पशु शिक्षा स्वास्थ्य लगायत) शिर्षकमा रु १५ लाख रकम अबण्डा राखी विभिन्न मितिमा कार्यपालिकाले निर्णयगरी विभिन्न ा कार्यक्रममा खर्च गरेको देखियो। वजेट पेश गरेकै वखत कार्यक्रमगत रुपमा वजेट विनियोजन गरी अवण्डा वजेट नराखि खर्च गर्नु पर्दछ। | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समितिले बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ। सोको पालना गरेको देखिएन। | |
| ४.३ | | | क्षेत्रगत बजेट र खर्च: स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br>(तालिका तल)<br>कुल वजेट रु ५२४१४३९१४ विनियोजन गरेकोमा खर्च रु ४५००८१५११ भएको देखिन्छ। पालिकाले विनियोजनको ८५।८६ प्रतिशत खर्च गरेको छ। | |
| ४.४ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम गरेको देखिएन। | |

| क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|
| आर्थिक विकास | ८५९५५५६४ | ७६२०८४८२ | ८८.६६ | ९७४७०८२ |
| सामाजिक विकास | २३४९२३००० | २१६९३३९२० | ९२.३४ | १७९८९०८० |
| पूर्वाधार विकास | १०१२९४००० | ८९९५८५३७ | ८८.८१ | ११३३५४६३ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २०८२५००० | १७१९५०९९ | ८२.५७ | ३६२९९०१ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ८११४६३५० | ४९७८५४७३ | ६१.३५ | ३१३६०८७७ |
| | ५२४१४३९१४ | ४५००८१५११ | ८५.८६ | ७४०६२४०३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५</td><td></td><td></td><td>

**विनियोजन भन्दा फरक शिर्षकमा खर्च**

समपुरक तथा विशेष अनुदान सम्वन्धी कार्यविधि २०७५ को दफा ८(१) वमोजिम स्थानिय तहले विशेष अनुदान वापत प्राप्त रकम जुन आयोजना तथा कार्यक्रमको लागि रकम प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रममा खर्च गर्नुपर्ने व्यवस्था गरेको छ। तर निम्न अनुसारको शशर्त तर्फ निम्न अनुसारको शिर्षकमा रकम विनियोजन गरेकोमा सो भन्दा फरक गरि खर्च गरेकोले नियमसंम्मत नदेखिएको रु

<table>
<tr><th>भौचर</th><th>मिति</th><th>वजेट विनियोजन भएको शिर्षक</th><th>खर्च गरेको</th><th>फर्म</th><th>रकम</th></tr>
<tr><td>९३</td><td>2078.3.24</td><td>आधारभुत स्वास्थ्य सेवा भवन निर्माण</td><td>फर्निचर तथा फिक्चर खरिद</td><td>गौतम इन्जिनियरिङ इन्डष्टिज प्रालि</td><td>४११४३३</td></tr>
<tr><td>९५</td><td>२०७८।३।२४</td><td>आधारभुत स्वास्थ्य सेवा भवन निर्माण</td><td>फर्निचर तथा फिक्चर खरिद</td><td>गौतम इन्जिनियरिङ इन्डष्टिज प्रालि</td><td>३६३१२५</td></tr>
<tr><td>९६</td><td>२०७८।३।२४</td><td>आधारभुत स्वास्थ्य सेवा भवन निर्माण</td><td>फर्निचर तथा फिक्चर खरिद</td><td>गौतम इन्जिनियरिङ इन्डष्टिज प्रालि</td><td>४६७६५०.</td></tr>
<tr><td>९७</td><td>२०७८।३।२४</td><td>आधारभुत स्वास्थ्य सेवा भवन निर्माण</td><td>फर्निचर तथा फिक्चर खरिद</td><td>गौतम इन्जिनियरिङ इन्डष्टिज प्रालि</td><td>३७७५३३.</td></tr>
<tr><td>९८</td><td>२०७८।३।२४</td><td>आधारभुत स्वास्थ्य सेवा भवन निर्माण</td><td>फर्निचर तथा फिक्चर खरिद</td><td>गौतम इन्जिनियरिङ इन्डष्टिज प्रालि</td><td>३५३२५०.</td></tr>
<tr><td>९९</td><td>२०७८।३।२४</td><td>आधारभुत स्वास्थ्य सेवा भवन निर्माण</td><td>स्वास्थ्य सामाग्रि खरिद</td><td>लक्की ए एस इन्टरप्राईजेज</td><td>२९९७८९</td></tr>
<tr><td>१००</td><td>२०७८।३।२४</td><td>आधारभुत स्वास्थ्य सेवा भवन निर्माण</td><td>स्वास्थ्य सामाग्रि खरिद</td><td>लक्की ए एस इन्टरप्राईजेज</td><td>२५८९६७.</td></tr>
<tr><td>१०१</td><td>२०७८।३।२४</td><td>आधारभुत स्वास्थ्य सेवा भवन निर्माण</td><td>स्वास्थ्य सामाग्रि खरिद</td><td>लक्की ए एस इन्टरप्राईजेज</td><td>३४०६१०</td></tr>
<tr><td>१०२</td><td>२०७८।३।२४</td><td>आधारभुत स्वास्थ्य सेवा भवन निर्माण</td><td>स्वास्थ्य सामाग्रि खरिद</td><td>लक्की ए एस इन्टरप्राईजेज</td><td>२२१०८४</td></tr>
<tr><td>२०६</td><td>२०७८।३।३१</td><td>लिखु भुसिंगा सडक कालोपत्रे</td><td>स्वास्थ्य सामाग्रि खरिद</td><td>लक्की ए एस इन्टरप्राईजेज</td><td>५९१६६८</td></tr>
<tr><td>१०४</td><td>२०७८।३।२४</td><td>लिखु भुसिंगा सडक कालोपत्रे</td><td>HDEP पाईप तथा ग्याविन खरिद</td><td>विजि जनरल सप्लायर्स</td><td>४४१४०६</td></tr>
<tr><td>१०५</td><td>२०७८।३।२४</td><td>लिखु भुसिंगा सडक कालोपत्रे</td><td>काम गर्ने कामदारले लगाउने सामाग्रि खरिद</td><td>गौतम इन्जिनियरिङ इन्डष्टिज प्रालि</td><td>२५७४९८</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>४३८४०१३</td></tr>
</table>
</td><td>४,३८४,०१३</td></tr>
<tr><td>६</td><td></td><td></td><td>

**पदाधिकारी सुविधा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको यस वर्ष पदाधिकारी सुविधा वापत रु ७२६४५०० /- खर्च गरेकोमा पालिकाको आन्तरिक आय रु २९७४५७७/- रहेको छ । आन्तरिक आयको तुलनामा दोब्बर दुई गुणा भन्दा बढीले खर्च भएको देखिएको छ । पालिकाले आन्तरिक आयको परिधि भित्र रहि खर्च गर्नु पर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | 198 | २०७८-३-३१ | **कानूनी परामर्शदाता**<br>स्थानीय सरकार संचलान ऐन, २०७४ मा स्थानीय तहले कानूनी परामर्शदाता सम्बन्धमा व्यवस्था गरेको छैन । तर पालिकाले कानुनी परामर्शदाता गुरु बस्नेतसँग मासिक रु. १००००/- का दरले संझौता गरी यस वर्ष जम्मा रु. १२००००/- भुक्तानी गरेको छ । कानुनमा व्यवस्था नभएको कानुनी सल्लाहाकार नियुक्ती गरी भुक्तानी गरेको रकम नियमसंगत नदेखिएको रु. | १२०,००० |
| ८ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले आर्थिक सहायता प्रयोजन वापत यस वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु. ४९२००० /- आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ९ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरे बमोजिमको समितिमा परेको उजुरीको फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्ने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष ५ उजुरी तथा विवाद जिम्मेवारी सारेको तथा ४७ विवाद दर्ता भइ जम्मा ५२ विवाद भएकोमा २८ वटा मात्र फछ्र्यौट भई २४ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १० | | | **कानून र संचालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३ वटा ऐन, १ वटा नियमावली, १६ कार्यविधि तथा निर्देशिकाहरु जम्मा २० कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । पालिकाले १५ वटा कानून वेभसाइट मार्फत राजपत्रमा उल्लेख गरेको छ भने बाँकी ६ वटा कानूनहरु राजपत्रमा उल्लेख नगरी कार्यान्वयनमा ल्याएको छ । सबै कानूनहरु स्वीकृत भएपछि राजपत्रमा उल्लखे गरेरमात्र कार्यान्वयनमा ल्याउनुपर्दछ । | |
| ११ | | | **कर्मचारि व्यवस्थापन** | |
| ११.१ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३१ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत सहित ४९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ११.२ | | | **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा अस्थायी ८० जना कर्मचारीहरु करारमा राखी रु. ९६२५२३८ /- खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित वाहेकको असिस्टेण्ड सव इन्जिनियर पदमा २ जना करार नियुक्ति गरी बर्षभरीमा रु. ७११८६० /- भुक्तानी गरेको अनियमित देखएको रु.. | ७११,८६० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.३ | | | **तलबी प्रतिबेदन**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरूको बार्षिक तलबी प्रतिबेदन र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथालेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष गाउँपालिका तथा स्वास्थ्य संस्थामा कार्यरत सबै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी रू. २०२१२८२८/- तलवमा खर्च गरेको छ । पालिकाले कानुन अनुसार तलवी प्रतिवेदन पारित नगराई तलव खर्च लेख्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| १२ | 423 & 481 | | **दोहोरो भत्ता भुक्तानी**<br>गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ४ मा सभाको प्रत्येक बैठकमा उपस्थित हुने सदस्यलाई बैठक भत्ता दिने व्यवस्था रहेको छ । पालिकाले नवौ र दशौ सभामा उपस्थित सदस्यहरुलाई बैठक भत्ता सहित गाउँपालिका आउनका लागि दैनिक भ्रमण भत्ताको सुविधा समेत भुक्तानी गरेको छ । देहायका पदाधिकारीहरुलाई कानूनमा व्यवस्था गरेको भन्दा बढी दोहोरो सुविधा (दैनिक भ्रमण भत्ता र बैठक भत्ता) उपलब्ध गराएकोले बैठक भत्ता सम्बन्धितबाट असुल उपर गरी दाखिला हुनुपर्ने रु | ७९,९०० |

| **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** |
|---|---|---|
| १२.१ | अध्यक्ष बेद बहादुर रोका | १,७०० |
| १२.२ | उपाध्यक्ष शुशिला तामाङ | १,७०० |
| १२.३ | वडाध्यक्ष सरोज कुमार सुनुवार | १,७०० |
| १२.४ | वडाध्यक्ष आङकाजी शेर्पा | १,७०० |
| १२.५ | वडाध्यक्ष टंकराज सुनुवार | १,७०० |
| १२.६ | वडाध्यक्ष कमल प्रसाद न्यौपाने | १,७०० |
| १२.७ | वडाध्यक्ष रामकुमार सुनुवार | १,७०० |
| १२.८ | वडाध्यक्ष छत्र बहादुर तामाङ | १,७०० |
| १२.९ | वडाध्यक्ष नगेन्द्र बहादुर बस्नेत | १,७०० |
| १२.१० | वडाध्यक्ष भुपेन्द्र बहादुर वस्नेत | १,७०० |
| १२.११ | वडाध्यक्ष आङपासी शेर्पा | १,७०० |
| १२.१२ | कापा सदस्य खेमकुमार सुनुवार | १,७०० |
| १२.१३ | कापा सदस्य आङल्वामु शेर्पा | १,७०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | १२.१४ | कापा सदस्य ठगमाया गौतम | १,७०० | |
| | | | | १२.१५ | कापा सदस्य दुर्गादेवी सुनुवार | १,७०० | |
| | | | | १२.१६ | कापा सदस्य शोभा वि क | १,७०० | |
| | | | | १२.१७ | कापा सदस्य दोर्ची शेर्पा | १,७०० | |
| | | | | १२.१८ | सदस्य निर्मला श्रेष्ठ सुनुवार | १,७०० | |
| | | | | १२.१९ | सदस्य अर्जुन कुमार श्रेष्ठ | १,७०० | |
| | | | | १२.२० | सदस्य देवी बहादुर भुजेल | १,७०० | |
| | | | | १२.२१ | सदस्य अनिशा मगर | १,७०० | |
| | | | | १२.२२ | सदस्य मैया परियार | १,७०० | |
| | | | | १२.२३ | सदस्य अखम तामाङ | १,७०० | |
| | | | | १२.२४ | सदस्य छत्र नारायण श्रेष्ठ | १,७०० | |
| | | | | १२.२५ | सदस्य ज्योती नेपाली | १,७०० | |
| | | | | १२.२६ | सदस्य रिन्जी शेर्पा | १,७०० | |
| | | | | १२.२७ | सदस्य पदम बहादुर सुनुवार | १,७०० | |
| | | | | १२.२८ | सदस्य कविता देवी सुनुवार | १,७०० | |
| | | | | १२.२९ | सदस्य हेम कुमारी वि क | १,७०० | |
| | | | | १२.३० | सदस्य पूर्ण बहादुर तामाङ | १,७०० | |
| | | | | १२.३१ | सदस्य अम्बर बहादुर तामाङ | १,७०० | |
| | | | | १२.३२ | सदस्य चित्र माया वि क | १,७०० | |
| | | | | १२.३३ | सदस्य लालबहादुर तामाङ | १,७०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १२.३४ सदस्य जङमु शेर्पा १,७००<br>१२.३५ सदस्य ढकल बहादुर तामाङ १,७००<br>१२.३६ सदस्य सीता वि क १,७००<br>१२.३७ सदस्य डबली तामाङ १,७००<br>१२.३८ सदस्य रामकुमारी बस्नेत १,७००<br>१२.३९ सदस्य सरस्वती वि क १,७००<br>१२.४० सदस्य देव बहादुर खड्का १,७००<br>१२.४१ सदस्य शान्ता बहादुर तामाङ १,७००<br>१२.४२ सदस्य लीलाबहादुर कार्की १,७००<br>१२.४३ सदस्य तारा कुमारी वि क १,७००<br>१२.४४ सदस्य च्यामु शेर्पा १,७००<br>१२.४५ सदस्य कृष्णमाया वि क १,७००<br>१२.४६ सदस्य पेमा रिन्जी शेर्पा १,७००<br>१२.४७ सदस्य दोर्जी शेर्पा १,७०० | |
| १३ | | | **अवकास कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। तर सो वमोजिम अवकास कोष स्थापना गरेको देखिएन। | |
| १४ | | | **योजना छनौट**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था बमोजिम योजना छनौट र कार्यान्वयन भएको देखिएन । तसर्थ गाउँपालिकले योजना बनाउँदा ऐनमा व्यवस्था भए बमोजिम दीगो, छिटो प्रतिफल दिने, उत्पादनमूलक योजना कार्यान्वयन गरिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **सेवा प्रवाह**<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा गाउँपालिकाको कामकर्तव्य र अधिकारको व्यवस्था रहेको छ । गाउँपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस,घरबाटो,नाता प्रमाणित,पञ्जिकरणको तथ्यांक तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ । यस गाउँपालिका तथा अन्तर्गतका वडाबाट यसबर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेकोछ । | |

| क्र.स. | विवरण | निवेदन संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ५८० | ५७५ | |
| २ | घरबाटो सिफारिस | १८० | १८० | |
| ३ | नाता प्रमाणित | २६५ | २६५ | |
| ४ | जन्म तथा मृत्यू | ९२१ | ९२१ | |
| ५ | बसाइसराई | ३९ | ३८ | |
| ६ | सम्बन्ध विच्छेद | ४ | ३ | |
| ७ | विवाह दर्ता | २४५ | २४३ | |
| ८ | अन्य | ७३६ | ७३६ | |
| | जम्मा | २९७० | २९६१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **सशर्त अनुदान**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ वमोजिम संघिय सञ्चित कोष प्रदेश तथा स्थानिय तहमा भएको वित्तिय हस्तान्तरणको रकम मध्ये सम्वन्धित आर्थिक वर्ष भित्र खर्च नभई जुन सुकै खातामा वांकी रहेको सशर्त अनुदान समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्वन्धित स्थानिय तहले संघिय संचितकोषमा फिर्ता गर्नुपर्ने कुनै कारणवस सोही आर्थिक वर्ष भित्र रकम फिर्ता गर्न नसकेमा आर्थिक वर्ष समाप्त भएको मितिले एक महिना भित्र फिर्ता गरी सक्नुपर्ने व्यवस्था छ तर पालिकाले संघिय सशर्त कार्यक्रममा विनियोजित वजेटवाट गाउँपालिका तर्फको समानिकरण राजस्व वांडफांड तथा आन्तरीक आयवाट संचालन गर्नुपर्ने आयोजना कार्यक्रम तथा चालु खर्च तर्फका विभिन्न कार्यक्रमको भुक्तानी गर्न सो शिर्षकमा रकम अपुग भएकोले संघिय सशर्त शिर्षकमा रहेको वचत रकमवाट सापटि लिई खर्च गर्ने र आगामी आर्थिक वर्षको वजेटवाट फिर्ता गर्ने गाउँ सभाको मिति २०७७।१२।१८ र २०७८।३।१० को निर्णय वमोजिम निम्नअनुसारका शसर्त तर्फका आयोजना तथा कार्यक्रममा विनियोजित रकमवाट गाउँपालिकाको चालु शिर्षक तर्फका कार्यक्रममा रु ३४१८२०३४ र पुँजीगत शिर्षक तर्फका कार्यक्रममा रु ३४८५३५८७ गरी जम्मा रु ६९०३५६२१ खर्च गरेको देखियो। सापटी लिएको रकम मध्ये रु २२२५१३०४ संघिय संचित कोषमा फिर्ता गरेको र वांकी रकम मिति २०७८।३।१० को गाउँसभाको निर्णय वमोजिम संघ सरकारवाटबाट प्राप्त बजेट गाउँपालिकाको योजना तथा कार्यक्रममा सापटी खर्च गरेको हुदा संघ सरकारले म्याद थप गर्ने निर्णय गरेकोले सो सापटी फिर्ता नगरी गाउँपालिकाले उक्त आयोजनाहरुको दायित्व वेहोर्नेगरी विनियोजन गर्ने निर्णय गरी आर्थिक वर्ष २०७८।७९ को वजेटमा लिखु भुसिङ्गा सडक कालोपत्रे अन्तर्गत रु २४९४८३०१ र प्रसुतिसेवा सहितको अस्पताल भवनमा रु २१८३६०१६ विनियोजन गरेको देखियो। गाउँसभाले यसरी संघिय शशर्त तर्फको रकम योजना तथा कार्यक्रममा रकम तोकिएका कार्यक्रम वाहेकका कार्यक्रममा सापटी लिएर खर्च गर्ने कानुनी आधार देखिएन। साथै संघिय सशर्तमा वचत भएको रकम फिर्ता गरी आयोजना सम्पन्न गर्न आवश्यक रकम संघिय सरकारसंग माग गर्नुपर्नेमा सो नगरी फिर्ता गर्नुपर्ने रकमवाट सोही आयोजनामा रकम विनियोजन देखियो। | |

| संघिय शशर्त कार्यक्रम | सापटि लिएको रकम | खर्च गरेको शिर्षक | रकम |
|---|---|---|---|
| लिखु भुसिङ्गा सडक कालोपत्रे | २४९४८३०१ | चालु | ३४१८२०३४ |
| प्रसुति सेवा सहितको अस्पताल भवन निर्माण | २१८३६०१६ | पुँजिगत | ३४८५३५८७ |
| अन्य विभिन्न कार्यक्रम | २२२५१३०४ | | |
| जम्मा | ६९०३५६२१ | | ६९०३५६२१ |
| मिति २०७८।७।१५ ११९८८१२८ वाट वेरुजु खातामा फिर्ता रु | २२२५१३०४ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **खरिद व्यवस्थापन** | |
| १७.१ | | | कार्य सम्पन्न प्रतिवेदन: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको एकीन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ। त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ। तर कार्यालयले सो अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन। | |
| १७.२ | | | खरिद संझौता कार्यान्वयन गर्दा सामान आपूर्तिमा तथा निर्माणमा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था भएकोमा उपभोक्ता समिति तर्फको कामको निर्माण सामाग्रीको परीक्षण गरेको नदेखिएकोले निर्माण कार्यको गुणस्तरमा आश्वस्थ हुन सकिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको सार्वजनिक परीक्षण गर्नुपर्ने साथै सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १९ अनुसार सार्वजनिक सुनुवाई प्रत्येक चार महिनामा कम्तीमा एकपटक गराउनु पर्नेछ र त्यस्तो सार्वजनिक सुनुवाईको क्रममा सेवाग्राही समक्ष प्रतिबद्धता जनाएका कुराहरु पूरा गर्न कार्यालयले गरेका प्रयासहरुबारे जानकारी दिनु पर्ने व्यवस्था गरेको छ। तर पालिकाले नियमित रुपमा परीपालना गरेको देखिएन। | |
| १८ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| १८.१ | | | आन्तरिक नियन्त्रण प्रणाली<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस किसिमको कार्यविधि वनाएको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन,अभिलेखांकन र व्यवस्थापन गर्नु पर्ने सो गरेको पाईएन।<br>• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । योजनागत खर्च खाता नराखेको कारण कुन कुन योजनामा के कति रकम भुक्तानी भयो र के कति खर्च भएको हो यकिन गर्न सकिएन । यस्तो खाताको अभावमा कुन कुन योजनामा के कति रकम भुक्तानी भयो र के कति बाँकी रहेको छ स्पष्ट नहुने र एउटै योजनामा दोहोरो भुक्तानी हुने जोखिम समेत हुने देखिएको छ । योजनागत खर्च खाता अनिवार्य तयार गरी पेश हुनुपर्दछ ।<br>• आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली नियम ७९ अनुसूची ११ वमोजिम कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार गरेको देखिएन।<br>•सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ८ अनुसार वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको देखिएन।<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले व्यवसथा भए बमोजिम खर्चको मध्यकालीन खर्च संरचना समेत तयार गरेको देखिएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गर्नुपर्ने व्यवस्था छ। तर यस पालिकामा गठन भएका उपभोक्ता समिति सो वमोजिम दर्ता गरेको देखिएन।<br>• वातावरणको संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको देखिएन।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यसपालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममारहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएकोपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगतकार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक गर्नुपर्ने व्यवस्था गरेको छ। तरपालिकाले सो वमोजिम गरेको देखिएन। | |
| १८.२ | | | सूचना प्रविधी पद्धतिः<br>सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन।<br>सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८.३ | | | सवारी साधन र मेशिनरी सञ्चालनको अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ । तर पालिकाले म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र म. ले. प. फाराम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख खाता अद्यावधिक राखेको देखिएन। | |
| १८.४ | | | म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख र म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राख्नुपर्ने व्यवस्था गरेको छ। तर सो वमोजिमको भ्रमण अभिलेख र भ्रमण प्रतिवेदन राखेको पाईएन। | |
| १८.५ | | | बेरुजु लगतः म. ले. प. फाराम म. ले. प. फाराम ८०१ – बेरुजु लगत, म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख राखेको देखिएन। | |
| १९ | | | **सम्पत्ति उपयोग र संरक्षण** | |
| १९.१ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९४ ९५ र ९६ मा सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षणको व्यवस्था रहेको छ। कार्यालयमा २०७८ असार मसान्तमा मौज्दात रहेका सबै जिन्सी सामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली Public Asset Management System-PAMS मा प्रविष्ट गरि वार्षिक मौज्दात विवरण तयार गर्नुपर्नेमा तयार गरेको देखिएन। | |
| १९.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले प्रतिबेदन तयार गर्नुपर्नेमा सो वमोजिमको जिन्सी प्रतिवेदन तयार गरेको देखिएन। | |
| १९.३ | | | पालिकाले सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाउनु पर्दछ । साथै नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गर्नुपर्छ। तर यस पालिकाले सो वमोजिम अनुगमन गरेको देखिएन। | |
| २० | | | **प्रगति**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ३५ बमोजिम वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुची २ वमोजिमको ढांचामा प्रगति विवरण तयार गरी केन्द्रिय निकाय तथा कोष तथा लेखा निरन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था गरेकोमा सो वमोजिमको विवरण तयार गरेको देखिएन। | |
| २१ | | | **आन्तरिक राजस्व** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१.१ | | | **रसिद नियन्त्रण खाताः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) अनुसार स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत लेखाढाँचा प्रयोग गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक आय बापत प्राप्त हुने कर, सेवा शुल्क, दस्तुर लगायतको रकम नगदी रसिदबाट संकलन गर्ने गरेकोमा कार्यालयमा वार्षिक रुपमा कति रसिद छपाई भएको सोको विवरण पेश भएन । लेखापरीक्षणमा नमुना छनौटका आधारमा ३ वटा वडामा प्राप्त भएको रसिदको विवरण परीक्षण गर्दा वडामा बुझी लिएको नगदी रसिदको विवरण अनुसार वडा नं. १ मा ८ ठेली मालपोत रसिद र ६ ठेली नगदी रसिद बुझाएकोमा मालपोत रसिद नंम्बर ६१०१-६३००, ४१०१-४२०० र ९०१-१०००/- गरी ३ ठेली रसिदको वितरण प्राप्त भएको छैन । त्यस्तै वडा नं. ५ मा मालपोत रसिद ८ ठेली र नगदी रसिद १३ ठेली पठाएकोमा नगदी रसिद तर्फ २४०१-२४५०, १८५०-१९००, ७७५०-७८०० र १४०१-१४५० गरी ४ ठेली र वडा नं. ७ मा ७ ठेली मालपोत रसिद र १० ठेली नगदी रसिद पठाएकोमा ३२०१-३२५०, ६०१-६५०, ३४०१-३४५०, ७०१-७५० र ३०१-३५० गरी ५ ठेली नगदि रसिद को विवरण प्राप्त भएन । उक्त रसिदको सम्बन्धमा पालिकाले एकिन गरिनु पर्दछ ।<br>यस वर्ष ब्याक हो लोडरबाट जम्मा रु १३३७४२० अम्दानी भएको छ । पालिकाले इन्धन बाहेक गाउँपालिका क्षेत्रभित्र प्रति घण्टा रु ११००/- र बाहिर रु १५०० तोकेको छ । तर लोडरबाट आम्दानी जनाउनको लागि कति रसिद प्रयोग भयो उल्लेख छैन । यस वर्ष प्राप्त आम्दानी १०४७५००/- असार महिनामा र २७९९२०/- २०७८ साउन महिनामा जम्मा भएको छ । लोडर संचालनलाई व्यवस्थित बनाइ आम्दानी समयमा नै दाखिला हुनुपर्दछ ।<br><br>एम्बुलेन्स संचालन कार्यविधि २०७५ अनुसार पालिकाले संचालन गरेको एम्बुलेन्स तर्फ यो वर्ष रु ३०८२००/- आम्दानी भएकोमा चालकले कति नगदि रसिद वुझेको र फिर्ता भएको अभिलेख छैन । यस वर्ष पालिका भित्र तथा बाहिर सशुल्क ३७ वटा सेवा प्रदान गरेको देखिन्छ । एम्बुलेन्स संचालन कार्यविधि अनुसार व्यवस्थित बनाइनु पर्दछ ।<br><br>यसै गरी दैनिक रुपमा दाखिला हुने राजश्व रकमको श्रेस्ता म.ले.प.फा.नं. १०५ र १०८ समेत खडा गरी राख्नुपर्नेमा सो अनुसार अभिलेख नराखेको साथै रसिदको माध्यमबाट रकम संकलन गर्ने कार्य हुँदा नियन्त्रण खाता व्यवस्थित गरेरमात्र कारोवार गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । ऐनको व्यवस्थाको पालना गरेर राजश्व कारोवार संचालन गर्नुपर्दछ । | |
| २१.२ | | | **कर तथा शुल्क असुलीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर,भबन निर्माण अनुमति दस्तुर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझिलिने परिपाटी रहेकोले राजश्व असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी सबैलाई करको दायरामा ल्याउनु पर्दछ । | |
| २२ | | | **राजस्व बाँडफाँडबाट शिक्षकको तलव भत्ता**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ ।. पालिकाले स्वीकृत दरबन्दी नभएको उल्लेख गरी यो वर्ष राजस्व बाँडफाँडबाट रु.३८६६३००/- तलब भत्ता भुक्तानी गरेकोछ । पालिकाले आन्तरिक आय प्रक्षेपण गरेको भन्दा कम राजश्व संकलन गरेको अवस्थामा विकास निर्माण कार्यका लागि प्राप्त राजस्व बाँडफाँड रकम तलव भत्तामा खर्च लेखेको अनियमित रु. | ३,८६६,३०० |
| २३ | 194 | २०७८-३-२४ | **छात्रवृत्ति**<br>सामुदायिक विद्यालयका विद्यार्थीहरुको लागि तोकिएको फिडर, अपाङ, दलित तथा छात्रा छात्रवृति बापत रु. ६०६६००/- रकम विद्यालय खातामा निकासा गरेको छ । कोविड-१९ को कारण विद्यालयहरु बन्द रहेको अवस्थामा विद्यालयले तोकिएको आधारमा छात्रवृत्ति पाउने विद्यार्थीलाई रकम बुझाएको अनुगमन प्रतिवेदन पेश नभएकोले उक्त प्रतिवेदन समेत लिई खर्च भएको सुनिश्चितता हुनुपर्ने रु. ६०६६००<br><br>क्र.सं. / विद्यालयको नाम / निकासा रकम रु.<br>१ / नमर्देश्वर मा.वि. / ४६७०० | ६०६,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | २ | चुली आवि गेरागाउँ | १७२०० | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ३ | चण्डेश्वरी आवि चोखाथान | १२००० | | |
| | | | | ४ | पञ्चकन्या आवि काभ्रे रगनी | ९२०० | | |
| | | | | ५ | बुद्ध आवि वौद लाम्जे | १६००० | | |
| | | | | ६ | चण्डेश्वरी मावि पोल्थली | ३४६०० | | |
| | | | | ७ | सरस्वती आवि नस्पु | ६४०० | | |
| | | | | ८ | खाँडा देवी आवि पोखरी | ६४०० | | |
| | | | | ९ | मेशल्मी आवि पोखरी | ८०० | | |
| | | | | १० | चण्डेश्वरी मावि खिजी माझगाउँ | २६४०० | | |
| | | | | ११ | संसारी आवि मुलगाउँ | १४८०० | | |
| | | | | १२ | कुण्डली मावि काति | ३१६०० | | |
| | | | | १३ | सरस्वति आवि पिपलडाँडा | ६००० | | |
| | | | | १४ | महादेव आवि चर्नालु | ८८०० | | |
| | | | | १५ | जनज्योति आवि निभारे | २४८०० | | |
| | | | | १६ | फुलमति मावि खिजिफलाटे | ७२६०० | | |
| | | | | १७ | थामथले आवि चुप्लुभञ्ज्याङ्ग | १०४०० | | |
| | | | | १८ | चम्पा देवी आवि वन्से | १९२०० | | |
| | | | | १९ | ज्ञानप्रकाश आवि लट्टे | १०८०० | | |
| | | | | २० | आदर्श आवि थारे | ७२०० | | |
| | | | | २१ | जनज्योति आवि दुव्ले | ८००० | | |
| | | | | २२ | दिम्वा आवि भित्ते | ४००० | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२३</td><td>चम्पादेवि आवि महाविर</td><td>१६८००</td></tr>
<tr><td>२४</td><td>हिमगंगा मावि रावादोलु</td><td>३५८००</td></tr>
<tr><td>२५</td><td>रन्जना आवि रावादोलु</td><td>२२८००</td></tr>
<tr><td>२६</td><td>कन्तिदेवी आवि रावादोलु</td><td>४०००</td></tr>
<tr><td>२७</td><td>हिमालय आवि रावादोलु</td><td>३६००</td></tr>
<tr><td>२८</td><td>वुद्ध आवि भुसिंगा</td><td>५२००</td></tr>
<tr><td>२९</td><td>भुसिंगा आवि पिके</td><td>१९२००</td></tr>
<tr><td>३०</td><td>दिम्बाहिल आवि भुसिंगा</td><td>४०००</td></tr>
<tr><td>३१</td><td>सरस्वति आवि भुसिंगा</td><td>५२००</td></tr>
<tr><td>३२</td><td>सिदार्थ आवि भुसिंगा</td><td>९६००</td></tr>
<tr><td>३३</td><td>शिवालय मावि छेर्मादिङ्ग</td><td>४१२००</td></tr>
<tr><td>३४</td><td>जनता आवि दौराखर्क</td><td>१७६००</td></tr>
<tr><td>३५</td><td>महादेव आवि ताउर</td><td>५२००</td></tr>
<tr><td>३६</td><td>पिके आवि फाप्रे</td><td>२१६००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६०६६००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td>203</td><td>२०७८-३-२५</td><td>दिवा खाजा कार्यक्रम<br>शिक्षा शशर्त अनुदानतर्फको रकम खर्च गर्दा नेपाल सरकारबाट सम्बन्धित आर्थिक वर्षको लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकिए बमोजिम गर्नुपर्दछ । पालिकाले उल्लेखित मितिको भौचरबाट देहायका ३७ विद्यालयमा जम्मा रु. २६,७४,४५५।– दिवा खाजा रकम निकासा गरेकोमा विद्यालयहरुले लेखापरीक्षण अवधिसम्म उक्त रकमबाट भएको खर्च र विद्यार्थीलाई बुझाएको प्रमाण तथा विद्यार्थीको दैनिक उपस्थित हाजिरीको प्रमाणित प्रतिलिपि पेश नभएको साथै २०७८।१।१३ देखि कोभिड-१९ को कारणले विद्यालयहरु बन्द रहेकोले निकासा भएको रकमबाट तोकिएको कार्यमा खर्च भए नभएको यकिन गरी खर्च नभएको रकम फिर्ता लिई संघीय संचित कोष दाखिला हुनुपर्ने तथा खर्च भएको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालयको नाम</th><th>निकासा रकम रु.</th></tr>
</table>
</td><td>२,६७४,४५५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | नमर्देश्वर मा.वि. | १८५३४० | | |
| | | | | २ | चुली आवि गेरागाउँ | १०४२०५ | | |
| | | | | ३ | चण्डेश्वरी आवि चोखाथान | ५७०७५ | | |
| | | | | ४ | पञ्चकन्या आवि काभ्रे रगनी | ४७२८० | | |
| | | | | ५ | बुद्ध आवि वोद लाम्जे | ५४१०५ | | |
| | | | | ६ | चण्डेश्वरी मावि पोल्थली | १२६१५० | | |
| | | | | ७ | सरस्वती आवि नस्पु | ६०४०५ | | |
| | | | | ८ | खाँडा देवी आवि पोखरी | २१४०५ | | |
| | | | | ९ | मेशल्मी आवि पोखरी | २८५३० | | |
| | | | | १० | चण्डेश्वरी मावि खिजी माझगाउँ | ९६९७५ | | |
| | | | | ११ | संसारी आवि मुलगाउँ | ७६६८० | | |
| | | | | १२ | कुण्डली मावि काति | ८६१९० | | |
| | | | | १३ | सरस्वति आवि पिपलडाँडा | ३७११० | | |
| | | | | १४ | महादेव आवि चर्नालु | ८५०६५ | | |
| | | | | १५ | जनज्योति आवि निभारे | ११६९७० | | |
| | | | | १६ | फुलमति मावि खिजिफलाटे | ११०१९० | | |
| | | | | १७ | थामथले आवि चुप्लुभञ्ज्याङ्ग | ९४१७० | | |
| | | | | १८ | ग्याल्जेन लामा स्मृति मेहेले | ५६७० | | |
| | | | | १९ | चम्पा देवी आवि वन्से | ८४४९५ | | |
| | | | | २० | ज्ञानप्रकाश आवि लट्टे | ६२९१० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | २१ | आदर्श आवि थारे | २६५८० | |
| | | | २२ | जनज्योति आवि दुव्ले | ८७४८० | |
| | | | २३ | दिम्वा आवि भित्ते | ११७३० | |
| | | | २४ | चम्पादेवि आवि महाविर | ११७०६० | |
| | | | २५ | हिमगंगा मावि रावादोलु | ८१८२५ | |
| | | | २६ | रन्जना आवि रावादोलु | ११७८५५ | |
| | | | २७ | कन्तिदेवी आवि रावादोलु | ३७४२५ | |
| | | | २८ | हिमालय आवि रावादोलु | २७५८५ | |
| | | | २९ | वुद्ध आवि भुसिंगा | ६०२१० | |
| | | | ३० | भुसिंगा आवि पिके | ७९५३० | |
| | | | ३१ | दिम्बाहिल आवि भुसिंगा | ४६८६० | |
| | | | ३२ | सरस्वति आवि भुसिंगा | ५४२५५ | |
| | | | ३३ | सिदार्थ आवि भुसिंगा | ९७२९० | |
| | | | ३४ | शिवालय मावि छेर्मादिङ्ग | ९८३२५ | |
| | | | ३५ | जनता आवि दौराखर्क | ५१५१० | |
| | | | ३६ | महादेव आवि ताउर | ४८६७५ | |
| | | | ३७ | पिके आवि फाप्रे | ८९३४० | |
| | | | | जम्मा | २६७४४५५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **कार्यसम्पन्न प्रतिवेदन पेश नभएको**<br>कार्यक्रम कार्यक्रम पुस्तिका आ.व. २०७७/७८ को क्रियाकलाप नं २.७.१३.२७ मा राष्टपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत तोकिएको विद्यालयहरुमा तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान उपलब्ध गराउने व्यवस्था अनुरूप तल उल्लेखित विद्यालयहरुलाई निकासा दिएको छ । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को ११ (छ) मा विद्यालयले तोकिएको ढाँचामा कार्यसम्पन्न प्रतिवेदन तयार गरी स्थानीय तहमा बुझाउनुपर्ने उल्लेख छ। यस वर्ष शिवालय मा.वि. खिजीदेम्बा-९ लाई भौतिक पूर्वाधारमा रु. १८०००००/- र शैक्षिक पूर्वाधार विकासका लागि रु. ६५००००/- गरी जम्मा रु. २४५००००/- निकासा गरेकोमा विद्यालयले तोकीएको ढाँचामा कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छैन । कार्य सम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने रु. | २,४५०,००० |
| २६ | 149 | २०७७-१२-२८ | **प्रोत्साहन भत्ता**<br>संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमको रकम खर्च गर्दा तोकिए बमोजिम मात्र गर्नुपर्दछ । पालिकाले २९ विद्यालय र १ सामुदायिक सिकाइ केन्द्रका सहयोगी कार्यकर्ताहरुलाई रु. २०२३०० प्रोत्साहन भत्ता भुक्तानी गरेको छ । सशर्त तर्फको रकम तोकिए बमोजिम मात्र खर्च गर्नु पर्नेमा सहयोगी कार्यकर्ताहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराएको रकम पालिकाबाट फिर्ता गर्नुपर्न रु. | २०२,३०० |
| २७ | | | **अनुगमन**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ मा सामुदायिक विद्यालयलाई निकासा दिएकोमा अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाइएन । तयारी सोही बमोजिम अनुदान रकम तोकिएको कार्यमा खर्च भएको, दोहोरो निकासा भए नभएको सम्बन्धमा सुनिश्चित गर्ने तर्फ पालिकाले ध्यान पर्‍याउनुपर्ने देखिन्छ । | |
| २८ | | | **कोभिड १९ तर्फ** | |
| २८.१ | | | **अन्य खाता मार्फत कारोवारः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६९ मा स्थानीयतहलाई प्राप्त हुने सबै रकम स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था गरी दफा ६९(४) मा कोषमा जम्मा भएको रकम खर्च गर्ने सम्बन्धी व्यवस्था स्थानीय कानून बमोजिम हुने गरी तोकिएको छ । कार्यालयले कोभिड-१९ सँग सम्बन्धित खर्च गर्दा प्रकोष व्यवस्थापन कोष खातामा संघीय सरकारबाट प्राप्त भएको १६६००००/- रकम आम्दानी बाँधी खर्च गरेको र चालू तर्फ प्रकोप व्यवस्थापन शीर्षकबाट ७५००००/- गरी जम्मा २३६००००/- खर्च भएको देखिएको छ । खर्च मध्येऔषधि एवं स्वास्थय उपकरण खरिदमा रु. १२९२८७८/- र जनशक्ति परिचालनमा रु.१०६७१२२/- खर्च गरेको देखिएको छ ।कानूनमा भएको व्यवस्थाको पालना गरी कारोवार संचालन गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८.२</td><td></td><td></td><td>खोप विवरणः यस पालिकाले लेखापरीक्षण अवधि सम्म कोभिड-१९ विरुद्धको खोप नेपाल सरकारबाट प्राप्त गरी वितरण भरेको पाइयो । लेखापरीक्षणका क्रममा प्राप्त विवरण अनुसार लेखापरीक्षण अवधि सम्म पालिकामा विभिन्न नामका खोप २३८६७ डोज उपयोग भएको देखिएको छ ।
<table>
